जि.का.सप्तरी द.नं. १(१०३९/०६/१८)-०३९/०४०

# नवीन साप्ताहिक

म.नि.हु.का.द.नं. ६/०६४/०६५

वर्ष ४२ अंक ४३ २०८१ साल असार २ गते आइतवार (16 June 2024 Sunday) मूल्य रु. ७/-

लागूऔषध सेवनले मानिसको शारीरिक र मानसिक स्वास्थ्य बिग्रन्छ, धन सम्पतिको वर्वाद गर्दछ, यसको प्रयोगबाट आफू, परिवार, समाज र राष्ट्रलाई नै अपुरणिय क्षति पुग्ने हुँदा यस्ता पदार्थदेखी टाढा रहौं ।

*यस अंक भित्र* – **पृष्ठ २ मा :** तराईमा प्रचण्ड गर्मी, 'लु' ... **पृष्ठ ३ मा :** स्वार्थ-वर्चस्वको लडाईमा फस्यो ... **पृष्ठ ४ मा :** मेयर कप प्रिमियर लिग सिजन ... **पृष्ठ ५ मा :** मोटरसाइकलको ठक्करबाट ...

# जसपा नेपालसँग भविष्यमा सहकार्य हुदैन् : नेता पौडेल



**राजविराज**/नेपाली काँग्रेसका युवा नेता एवम् केन्द्रीय सदस्य प्रदीप पौडेलले आगामी दिनमा जनता समाजवादी पार्टी ( जसपा) नेपालसँग कुनै सहकार्य वा गठबन्धन हुन नसक्ने संकेत गरेका छन् ।

शनिवार राजविराजस्थित नेपाली काँग्रेस सप्तरीको पार्टी कार्यालयमा संचारकर्मीहरुसित कुरा गर्दै उनले यस्तो गरेका हुन् ।

जसपा अध्यक्ष यादवले काँग्रेसले लगाएको सबै गुण विर्सेर हालै सो पार्टीको जनकपुरमा सम्पन्न महाधिवेशनमा काँग्रेसप्रति जुन दृष्टिकोण सार्वजनिक गरेको छ त्यो साह्रै आपत्तिजनक छ, नेता पौडेलले भने, "यसलाई हामीले बडो गम्भिरतापूर्वक लिएका छौ ।"

उनले जसपासँग भावी दिनमा सहकार्य नगर्ने विषयमा अब बस्ने केन्द्रीय समितिको बैठकमा जोडदार रुपमा कुरा उठने बताए ।

उनले उपेन्द्र यादव र काँग्रेस नेतृत्वले चाहेर पनि भविष्यमा जसपा नेपालसँग सहकार्य नहुने भन्दै यसबारे पार्टी भित्र पनि एउटा स्पष्ट विचार र धारणा बनिसकेको जनाए । संघीय र प्रदेश सरकार फरक फरक परिस्थितिमा बन्ने गरेकाले संघमा बन्ने गठबन्धन प्रदेशमा लादनु संघीयताका लागि घातक हुने उनको भनाइ छ ।

प्रतिनिधिसभा सदस्य समेत रहेका उनले संघीयता र नयाँ संविधान ल्याउने दलहरु नै अधिकार, संघीयता र संविधान कार्यान्वयन गर्ने सवालमा गतिशिलता र इच्छाशक्ति नदेखाउँदा आन्दोलनबाट आएको परिवर्तनको अनुभुति आम जनताले गर्न नपाइरहेको बताए । उनले वर्तमान सरकारलाई बोल्ने धैरै तर काम केही न नगर्ने सरकारको संज्ञा दिदै बोलेको कुरा पुरा गर्न

***बाँकी अन्तिम पृष्ठमा***

# दलित मुक्ति मोर्चाको संयोजकमा सरदार चयन



**राजविराज**/नेपाल दलित मुक्ति मोर्चा सप्तरीको जिल्ला संयोजकमा कपलेश्वर सरदारलाई चयन गरिएको छ ।

राजविराजमा शनिवार जिल्ला भेलाबाट कपलेश्वर सरदारको संयोजकत्वमा ३७ सदस्यीय जिल्ला कमिटी गठन भएको हो ।


नवगठित कमिटीमा रामप्रसाद राम, राजेश रिसाल, शम्भु खंग, डम्बर सरदार, आसिश परियार, रामलखन खंग, रामविलास राम, खटर सदा, उपेन्द्र सरदार, पुनितादेवी राम, बिशेश्वर खंग, शंकर मण्डल, मुसहरु खंग, राजदेव सदा, आशाराम सरदार, देवकुमार सरदार, भुलकुनदेवी सरदार, विजय सरदार, रामदेव सदा, फुलोदेवी सदा, भुला पासवान, हरेराम शर्मा लगायत सदस्य रहेका छन ।

नेपाल दलित मुक्ति मोर्चा सप्तरीको जिल्ला भेला तथा प्रशिक्षण कार्यक्रम कपलेश्वर सरदारको अध्यक्षता तथा नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) का बैकल्पिक केन्द्रीय सदस्य असर्फी सदाको प्रमुख आतिथ्यमा सम्पन्न कार्यक्रममा पार्टीका जिल्ला अध्यक्ष छेदी रजक ( विमल), उपाध्यक्ष भागवत यादव, सचिव बेचन प्रसाद चौधरीको विशिक्ष्ठ अथिती रहेको थियो ।

त्यसै गरी बोदेवर्साइन नपाका वडा अध्यक्ष रामप्रसाद राम, विनोद कुमार यादव, पत्रकार देवराम यादव, संगिता परियार, रामकुमार रजक, रामनारायण सरदार, कपिल सरदार, देवलाल खंग, शिवशंकर पण्डित, कर्मलाल यादव, रामविलास मण्डल, किसुनदेव राम, राजेश रिसाल लगायतले नेपाल दलित मुक्ति मोर्चा सप्तरीको जिल्ला भेला तथा प्रशिक्षण कार्यक्रमको सफलताको शुभ कामना ब्यक्त गरेका थिए ।

सोही भेलाले जिल्लामा दलित समुदाय माथी हुने विभिन्न किसिमको विभेद तथा दमनको विरुद्धमा जिल्ला प्रशासन कार्यालय सप्तरीमा ज्ञापनपत्र बुझाउने मोर्चाका संयोजक सरदारले सञ्चारकर्मीलाई जानकारी दिए ।

# काम गरेको भुक्तानी नपाएको भन्दै भेटेरीनरी अस्पतालमा तालाबन्दी






**राजविराज**/राजविराजस्थित भेटेरीनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रमा निर्माण व्यवसायीहरुले अनिश्चितकालिन ताला लगाएका छन् ।

निर्माण व्यवसायी संघ सप्तरीका अध्यक्ष सतिष चन्द्र झाको अगुवाईमा निर्माण व्यवसायीहरुको टोलीले सो ताला लगाएका हुन् ।

काम गरेको लामो समयसम्म पनि भुक्तानी नपाएको भन्दै निर्माण व्यवसायीहरुले बिहीबार ताला लगाएको बताएका छन् ।

उक्त कार्यालयको नयाँ भवन निर्माणको ठेक्का पाएका राधाकृष्ण निर्माण सेवाले रनिङ्ग बिल लामो समयसम्म नपाएको तथा कार्यालय प्रमुखले विभिन्न बहानामा आलटाल गर्ने गरेकोले तालाबन्दी गर्नु परेको निर्माण व्यवसायी संघ सप्तरीका अध्यक्ष सतिषचन्द्र झाको भनाई छ ।

स्थानीयले ठेकेदार कम्पनीद्वारा हाल सम्म भए/गरेको निर्माण कार्यको प्राविधिकबाट चेक जाँच मुल्याङ्कन गराई ठेकेदार कम्पनीले पाउनु पर्ने उचित रकम भुक्तानी गर्न उनले माग गरे । सम्बन्धित निकायलाई जानकारी गराइसकेको तथा कतैबाट चासो नदेखाएकाले अनिश्चित्‌कालिन तालाबन्दी गर्नु परेको उनले बताए ।

राधा कृष्ण निर्माण सेवाका प्रतिनिधी विनोद साफीले काम गरेको बिलको भुक्तानी समयमा नपाउँदा भवनको बाँकी काम रोकिनुका साथै आफूहरु समस्यामा परेको बताए ।

बि.स. २०७९ माघ २२ गते पिपिएमओले कार्यालय भवन निर्माणका लागी इविडिङमार्फत

***बाँकी अन्तिम पृष्ठमा***

## चुरे संरक्षण करु

उत्तरमें महाभारत पर्वत श्रृङ्खलास' दक्षिणमें नेपाल-भारत सीमा तक चुरे, भावर आ तराई भूमिके चुरे क्षेत्र कहल जाइत अइछ । "हिमालय पर्वत श्रृङ्खलास' बइहके आएल सामग्रीस' बनल सबस' छोट, कोमल आ कमजोर पर्वत श्रृङ्खला रहल क्षेत्र छियै । तराई-मधेश आ भीतरी तराई जिलाक पर्यावरण सन्तुलन बनेबामे एकर बहुत योगदान अइछ ।



चुरे विनासके मुख्य कारण अव्यवस्थित बस्ती, वन अतिक्रमण, जङ्गलमें आइग लगनाइँ, खुला चरण आ नदीजन्य सामग्रीके दोहन, अनियन्त्रित भौतिक संरचना निर्माण, माइटक कटान अइछ । चुरे विनासके मतलब तराई मधेशको मानव जीवन संकटमे परनाइँ छियै ।

चुरे क्षेत्रमे जलाशय निर्माण कइरके जलसञ्चय, वृक्षारोपण तथा नदी प्रणाली संरक्षण करनाइँ आवश्यक अइछ । चुरेके मरुभूमिकरण होयबास' बचाओल जाय ।

'चुरेके माइट चुरेक, सफा पाइन सबके'

मधेश प्रदेश सरकार
आमसञ्चार

## सम्पादकीय

### खेलकुदले तिब्रता पाओस्

सप्तरी जिल्लामा खेलकुद गतिविधिलाई तिब्रता दिनु आवश्यक रहेको छ। यहाँ अहिले क्रिकेट खेल बाहेक अन्य खेलले गति लिन सकिरहेको छैन्। वर्षमा एक पटा राष्ट्रिय स्तरको क्रिकेट प्रतियोगिता हुँदै आएको छ। यस बाहेक अन्य कुनै पनि खेल जिल्ला स्तरिय समेत हुन सकिरहेको छैन्। यस जिल्लाबाट विगतमा सयौं उत्कृष्ट खेलाडीहरु उत्पादन भएका छन्। क्रिकेट, फुटवल, भारोत्तोलन लगायतका खेलहरुका उर्जावान खेलाडीहरु उत्पादन भए। यहाँबाट सबै भन्दा बढी क्रिकेट र भारोत्तोलन खेलाडीहरु उत्पादन भएका छन्।

तर, अहिले भारोत्तोलन खेलमा विशेष ध्यान दिन नसक्दा यो खेलबाट उत्पादन हुने खेलाडीहरु विभिन्न विभागिय टिमहरुमा आवद्ध हुँदै गएका छन्। खेलाडीहरु उत्पादन त भए तर, उनीहरुले समयमा उचित सम्वर्द्धन र संरक्षण नपाएकोले धेरै दिनसम्म सो क्षेत्रमा टिक्न सकेनन्। जिल्लाको खेलकुदले लक्ष्य अनुसारको गतिविधी गर्न असमर्थ छ। खेलकुदका लागि योग्य मैदान र सामाग्रिको अभावमा खेलकुद गतिविधीमा सुधार आउन सकेको छैन्। सरोकारवाला निकायको उदासिनता र राजनीतिक दलहरुको गैरजिम्मेवारी भूमिकाका कारण यो क्षेत्र भरपर्दो बन्न सकेन्। कुनै पनि खेलका लागि स्थानिय पालिकाहरुले वार्षिक बजेट बिनियोजन गर्न सकेका छैनन्।

तसर्थ जिल्लामा खेलकुद गतिविधिमा तिब्रता ल्याउन यहाँका सम्पूर्ण सरोकारवाला निकायको एक मत हुनु आवश्यक छ। यसका लागि खेलकुदसँग आवद्ध सम्पूर्ण निकायले दिर्घकालिन योजना बनाउनु पनि उत्तिकै आवश्यक छ भने खेलकुदलाई अगाडी बढाउन एउटा ठोस नीति बनाउनु उत्तिकै आवश्यक छ।

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ

डा. सन्तोष प्रसाद शाह
Dr. Santosh Prasad Sah
MBBS (T.U.), MD Internal Medicine (NAMS, Bir Hospital Kathmandu)
NMC Reg. No. : 15019
कन्सलटेन्ट फिजिसियन

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

# तराईमा प्रचण्ड गर्मी, 'लु' बाट कसरी जोगिने ?



जल तथा मौसम विज्ञान विभागले आगामी केही दिनसम्म तराईमा अत्यधिक गर्मीको सम्भावना रहने भन्दै सतर्कता अपनाउन अनुरोध गरेको छ। विशेषगरी मध्य तराईका साथै सुदूरपश्चिम र लुम्बिनी प्रदेशमा गर्मी बढ्ने अनुमान गरिएको छ।

पछिल्लो समय नेपालगन्जमा यो वर्षको सबैभन्दा बढी अर्थात् ४४.२ डिग्री र धनगढीमा ४४.१ डिग्री सेल्सियस तापक्रम मापन भएको थियो।

अत्यधिक गर्मीका कारण 'लु' लाग्ने जोखिम हुन्छ। मानव शरीरको तापक्रम ३७ डिग्री नै भइरहने फिजिसियन डा. पुष्पमणि खरालले बताए। शरीरले यो तापक्रमलाई सन्तुलन गरिरहन खोजे पनि योभन्दा बढी तापक्रम भएर स्वास्थ्य समस्या देखिनुलाई नै 'लु' लाग्नु भनिने उनले बताए।

**के हो 'लु' ?**

वायुमण्डल वा वातावरण तातो भएर मानव शरीरमा देखिने असामान्य अवस्थालाई 'लु' भनिन्छ। डा. खरालका अनुसार वातावरणको तापक्रम धेरै बढेर शरीरमा भएको पानी र नुनको मात्रा घट्नु नै 'लु' हो। धेरै तातो वायुले मान्छेलाई चक्कर लाग्ने, टाउको दुख्ने, रिँगटा लाग्ने लक्षण देखिएमा 'लु' लागेको हुन सक्ने डा. खराल बताउँछन्।

**'लु' का कारण मान्छे कोमामा जान सक्छ !**

'लु' का विभिन्न लक्षण हुन्छन्। 'लु' लाई लक्षणका आधारमा तीन भागमा विभाजन गरिएको छ। सबैभन्दा अन्तिम वर्ग भनेकै मान्छे अचेत हुने र कोमामा जाने रहेको डा. खराल बताउँछन्।

'लु'को सामान्य अवस्थामा चक्कर लाग्ने, टाउको दुख्ने, रिँगटा लाग्ने लक्षण देखिन्छ। समस्या बढ्दै गयो र लामो समयसम्म तापक्रम बढिरह्यो भने मान्छे बेहोस हुन सक्छ। 'लु' को सबैभन्दा कडा रूप भनेकै अचेत हुने र कोमामा जाने रहेको डा. खरालले सुनाए।

**'लु'ले पार्ने असर ?**

वायुको तापक्रम बढ्दै जाँदा शरीरले तापक्रम प्राकृतिक रूपमा सन्तुलन गर्ने कार्य गर्दछ। तर लामो समयसम्म तापक्रम बढेमा शरीरको विभिन्न अङ्गमा अप्रत्यक्ष रूपमा असर पुऱ्याउँछ। मुटु, कलेजो, फोक्सो लगायत अङ्गमा अप्रत्यक्ष रूपमा असर गर्ने डा. खरालले सुनाए। तर यसले मस्तिष्क र मुटुलाई बढी असर पुऱ्याउने उनको भनाइ छ।

'मुटुको चाल थपघट हुने, पानी र नुनको कमीले ब्लड-प्रेसर घट्दै जाने, मुटुको चाल छिटोछिटो हुने कारणले मुटुमा समस्या देखिन्छ,' उनले भने, 'तापक्रम बढी भएमा नुन र पानीको कमीका कारण मान्छे कन्फुज हुने, बेसोस हुने लगायत समस्या देखा पर्छ।'

**कस्ता मानिस बढी जोखिममा ?**

बढ्दो तापक्रम र तातो बतासका कारणले मानव स्वास्थ्यमा असर देखिन्छ। तर बढी मात्रामा प्रभावित हुने बालबालिका, गर्भवती महिला, वृद्धवृद्धा र दीर्घरोगका बिरामी बढी जोखिम रहने डा. खरालले भनाइ छ।

**'लु' बाट कसरी जोगिने ?**

बढ्दो गर्मीमा 'लु' लाग्ने सम्भावना हुने भएकाले सकेसम्म घाममा ननिस्कन विज्ञले सुझाएका छन्। 'सकेसम्म दिउँसो घाममा ननिस्कने, अति आवश्यक कामका लागि निस्कन परेमा छाता लिएर निस्कने, केही समय हिँडेर छहारीमा बस्ने गर्नुपर्छ,' खरालले भने।

यस्तै, बिहान ११ देखि दिउँसो ३ बजे बिचमा बाहिर ननिस्कन डा. खरालले आग्रह गरे। 'लु' बाट जोगिने मुख्य उपाय भनेकै गर्मीबाट जोगिनु रहेको उनले बताए। गर्मीमा बढी मात्रामा पानी पिउनसमेत उनले सुझाए।

आगामी चार दिनसम्म तातो हावा तथा तातो लहरको सम्भावना भएको जल तथा मौसम विज्ञान विभागले अनुमान गरेको छ। तराई क्षेत्रमा ४० डिग्रीभन्दा बढी तापक्रम हुन सक्ने विभागको अनुमान छ। रातोपाटीबाट

# महिला हिंसा के हो र कसरी कम गर्न सकिन्छ

**महिला हिंसा**

महिला विरुद्धका हिंसा विशेष रूपमा महिलाको विरुद्धमा हुने सम्पूर्ण हिंसात्मक कार्यहरू हुन्। यस्तो प्रकारको हिंसाले कुनै पिडितको लिङ्गलाई प्राथमिकतामा राखेर कुनै विशेष समूहलाई लक्षित गरेको हुन्छ। यस्तो हिंसा लिङ्गमा आधिरित हुन्छ अर्थात महिला भएकै कारण कसैले यस्तो हिंसाको शिकार बन्नु परेको हुन्छ। महिलामाथि हुने हिंसा भन्नाले महिलाको जन्मपूर्व देखि मृत्यु नहुञ्जेल सम्मको अवस्थामा महिला भएकै कारणबाट हुने विभिन्न खाले विभेदपूर्ण व्यवहार शोषण शारीरिक, मानसिक तथा यौनिक यातनाहरू र दुर्व्यवहारलाई बुझाउँछ। यस्ता हिंसा महिला विरुद्ध महिला र पुरुष दुवैले गर्ने गरिन्छ। यसले समाज विकासको क्रमलाई प्रत्यक्ष र परोक्ष रूपमा प्रभाव पारिरहेको हुन्छ। खास गरी महिलाहरूको जैविक बनावटलाई आधार बनाएर समाजले महिलाहरूलाई गर्ने व्यवहारले हरेक महिलाको प्रगतिको बाधक बनिरहेको अवस्था रहेको छ। परम्परागत मूल्य मान्यताका आधारमा गरिने हिंसाका कारण महिलाहरू बढी पीडित बन्ने गरेका छन्। घरेलु हिंसाका कारण होस् वा बोक्सी प्रथा अथवा दाइजोका कारण हुने घटनामा पीडित हुने महिलाहरूको सङ्ख्या उल्लेख्य छ। आर्थिक, सामाजिक, राजनीतिक, नागरिक तथा साँस्कृतिक लगायत मानवअधिकारका आधारभूत अधिकारहरूबाट महिलाहरू वन्चित छन्। राज्य वा गैरराज्यबाट गरिने लैंगिक भेदभाव त छँदैछ त्यसमा पनि परम्परागत मूल्य मान्यताकाआधारमागरिने हिंसाका कारण महिलाहरू बढी पीडित बन्ने गरेका छन्। त्यसै भएर आज भोलि घरेलु हिंसाका कारणहोस् वा बोक्सी प्रथा अथवा दाइजोका कारण हुने घटनामा पीडित हुने महिलाहरूको संख्या उल्लेख्य छ।आर्थिक, सामाजिक, राजनीतिक, नागरिक तथा साँस्कृतिकलगायत मानवअधिकारका आधारभूत अधिकारहरूबाटमहिलाहरू वन्चित छन्। समाजमा जस्तो सुकै परिवर्तन भए पनि महिलाले परिवर्तनको अनुभूति गर्न सकेका छैनन् र महिलामाथि हुनेहिंसाका घटनामा कमी आउन सकेको छैन।

**महिला हिंसा अन्त्य गर्ने उपाय**

महिलाको लागि शिक्षामा पहुँच र सम्पत्तिमाथिको स्वामित्व स्थापितगरी कुरीति र कुसंस्कारको रूपमा रहेको विधुवा प्रथा, घुम्टोप्रथा, बाल तथा अनमेल बिबाह प्रथाको अन्त्य गरिनुपर्छ। त्यसका लागि महिला हिंसा विरूद्ध बनेका राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानूनको व्यवहारिक कार्यान्वयनसँगै बोक्सी प्रथा र घरेलु तथा महिलाहिंसा विरूद्धको कडा कानून निर्माण, दाईजो दिने वा लिनेलाई कडाकारवाही गरी कुनैपनि खाले भेदभाव विरूद्ध दण्ड र सजायको व्यवस्था हुन सके मात्र महिलामाथि हुने हिंसा कम गर्न सकिन्छ।

**जनहीतका लागि : छिन्नमस्ता गाउँ कार्यपालिकाको कार्यालय, सप्तरी**

# स्वार्थ-वर्चस्वको लडाईमा फस्यो पत्रकार महासंघ

**महेश्वर दाहाल**

श्रमजीवी पत्रकारको साझा सङ्गठनका रूपमा स्थापित नेपाल पत्रकार महासंघले अघिल्लो महिना आफ्नो पछिल्लो महाधिवेशन गरिसकेको छ। त्यसले निर्धारण गरेका विषय कागजी मात्रै होइनन् भने ती हामी सबैको साझा अपनत्वका सवाल हुन्।

महाधिवेशनले कार्यसमिति चयन गर्ने मिति तोक्दा पनि सदस्यता विवादका कारण निर्धारित मिति (जेठ २६) मा हुन सकेन। विवाद कायम नै रहेकाले चुनावी महाधिवेशन कहिले हुने भन्नेमा अन्योल नै छ।

अध्यक्ष विपुल पोखरेलले असारको दोस्रो हप्ताभित्र निर्वाचन गरिने अमूर्त वक्तव्य जारी गरेका छन् भने प्रायःजसो सरोकारवाला सङ्गठनहरूले त्यसमा असन्तुष्टि व्यक्त गर्दै सदस्यता विवाद तत्काल टुङ्ग्याएर छिटो निर्वाचनका लागि दबाब दिइरहेका छन्।

एजेन्डा वा निर्णय निर्धारण हुनु एउटा कुरा तर पत्रकारिता क्षेत्रमा अहिले देखिएका विकराल समस्याको मुख्य कारण के हो भन्नेबारे नेपाल पत्रकार महासंघको वर्तमान नेतृत्व पूरै बरालिएको छ। महासंघका एजेन्डा र प्राथमिकतालाई विषयान्तर गरिएको छ।

सदस्यताको विवाद देखाइए पनि समयमै विधिवत् उत्तराधिकार अर्को अविच्छिन्न कार्यसमिति चयन गर्न नसक्नु वा त्यसका लागि बाधक हुनु यो नेतृत्वको गम्भीर असफलता हो। यो प्राविधिक असफलता मात्रै होइन, नीति र दृष्टिकोणकै असफलता हो। सँगै सहयोगी र सरोकारवाला पत्रकार सङ्घ, सङ्गठन पनि महासंघलाई कसरी आफ्नो प्रभाव, पकडमा राख्ने भन्ने ध्याउन्नमा हुनु यो असफलताको अर्को कारण हो।

पत्रकार महासंघजस्तो साझा संस्थालाई पार्टीका जनवर्गीय सङ्गठनको स्तरमा झार्ने लडाइँ चलिरहेको भन्दै आलोचना गर्नेको सङ्ख्या ठुलै छ। यो एक हदसम्म विगतका कमी-कमजोरीको परिणाम पनि हो। हिजोका गल्ती कमजोरीबाट शिक्षा लिँदै सच्याएर अगाडि बढ्नुपर्नेमा भद्दा रूपमा महासंघको साझा चरित्र तथा स्वायत्ततालाई दलका मुख्यालयमा कैद गर्न खोज्दा किचलो भइरहेको छ। यसले साझा संस्थाको अस्तित्व नै धरापमा पर्ने खतरा छ।

खर्च कटौती गर्ने नाममा मिडिया सञ्चालकले महाविनाशकारी भूकम्प, भारतले लगाएको नाकाबन्दी, कोभिड र आर्थिक मन्दी देखाउँदै पत्रकारको करार नवीकरण नगर्ने र अल्पकालीन कर्मचारीलाई तुरुन्तै हटाउने काम निरन्तर गरिरहेका छन्। श्रमजीवी पत्रकारले ज्याला नपाउने समस्या विकराल छ। कामबाट कतिबेला निकालिने भन्ने सन्त्रास कायम छ। साना लगानीमा चलेका स्वरोजगारमूलक मिडिया घिटीघिटी अवस्थामा छन्। निरङ्कुश पञ्चायतकालदेखि वा राजनीतिक सङ्घर्ष तथा सङ्क्रमणको उतारचढावका बेला जोखिम मोलेर परिवर्तनको पक्ष बोकेका मिडिया धेरै बन्द छन्। जति टिकेका छन्, ती पनि अस्तित्वको सङ्कट धान्न लडखडाइरहेका छन्। करोडौँ लगानीका ठुला मिडिया समेत आर्थिक सङ्कटमा छन्।

७भर आर्थिक मन्दीले सञ्चारमाध्यमको विज्ञापन र बिक्री-आम्दानी स्वाट्टै घटेको छ। प्रविधिको विकास र सामाजिक सञ्जालको प्रभाव बढेसँगै परम्परागत मिडियाको भूमिका र उपस्थिति चुनौतीपूर्ण बन्दै गएको छ।

व्यक्तिगत चरित्रहत्या गर्ने गरी गरिएका युट्युबकारितालाई समेत आमनागरिकले समाचार सामग्रीका रूपमा बुझिदिँदा झनै चुनौती थपिएको छ। नैतिकता कायम राखेर पत्रकारिता गर्ने इमानदार पत्रकार ओझेलमा परेका छन्। सञ्चारसञ्जालका गलत क्रियाकलापको नकारात्मक भारी पनि सबै पत्रकारले बोक्नुपरेको छ।

समग्र पत्रकारितामै आज स्थानीयता र सामुदायिकताको मुद्दा ओझेलमा परेको छ। स्थानीय हितबाट मिडिया टाढिइरहेका छन्। श्रमजीवी पत्रकारले सम्मानपूर्वक बाँच्न कानुन निर्धारित र नियमित तलब पाउनुपर्ने सन्दर्भ मिडिया सञ्चालकसँगको लडाइँ त हुँदै हो। सँगै स्वरोजगारमूलक साप्ताहिकसहित साना लगानीका मिडिया र वर्षौंदेखि करोडौँ लगानी गरेर पनि आजको अस्तित्व धान्न मुस्किल परिरहेका मिडियालाई सस्तो तथा सहुलियत ब्याजमा ऋण उपलब्ध गराउन सरकारसँग दबाबकारी पहल बढाउनु पनि आजको मूल प्राथमिकता हो।

यसका लागि नेपाल पत्रकार महासंघसहित सरोकारवाला सङ्घ-सङ्गठनलाई अति राजनीतीकरण हुनबाट बचाउन आवश्यक छ। हिजैदेखिका अति राजनीतीकरणको दुष्परिणाम अहिलेको पत्रकारिता क्षेत्रले भोगिरहेको छ। महासंघ नेतृत्व र सरोकारवालाले आफ्ना पेसागत हित, प्राथमिकता र एजेन्डालाई एकातिर छाडेर सदस्यताको किचलो झिक्नु नै आजको मूल समस्या हो।

पत्रकार भइरहेकालाई पत्रकार सदस्य हुन दिने र हुन योग्यलाई पत्रकार सदस्य बनाउने– सबै पक्ष स्वार्थरहित हुँदा यो विधिको निरन्तरताले नै महासंघको साख बचाउनेछ। महासंघ विधानको यस मूल पक्षलाई गन्जागोल बनाएर सबै सरोकार पक्षले आफ्नो स्वार्थको रोटी सेक्नु आजको समस्या हो। आफ्नो सङ्गठन सम्बन्धित व्यक्ति नै महासंघको अध्यक्ष हुँदाहुँदै नेपाल प्रेस युनियनले महासंघसँग धम्कीको भाषा बोल्नु निहित स्वार्थको उच्च रूप हो।

सचेत नागरिक नै रिपोर्टर बन्ने अर्थात् हरेक नागरिकले पत्रकारिता गर्ने यस जमानामा, तिनलाई सञ्चारकर्मको आचारसंहिता वा लेखन तरिका सिकाउनुपर्ने दायित्वका पत्रकार अगुवाहरू भने आफ्नै सदस्यताको अनावश्यक किचलोमा अल्झिइरनु दुःखद र विडम्बना हो।

मिडिया समाज सचेतनाको प्रमुख सारथि हो। त्यसलाई सहुलियतपूर्ण ऋण दिनुपर्ने र सरकारी विज्ञापन एकद्वार तथा समानुपातिक हुनुपर्ने नेपाल पत्रकार महासंघ एवं योसँग सरोकार राख्ने सबै पक्षको अनवरत माग हो। सँगै मिडियामा आएका वा आउन चाहने नागरिकलाई लेखन वा प्रस्तुति स्तरमा ढाल्ने काममा सम्बन्धित सिकाइ निकायलाई घचघच्याउने काम पनि पनि संस्थागत रूपमा पत्रकार महासंघ र सरोकारवालाकै हो। यस पक्षमा ती किन केही गर्दैनन् ? महासंघ र पत्रकार सङ्गठनहरू कुन स्वार्थका लागि छन् ? यी प्रश्न झनै पेचिला बनेका छन्।

त्यसैले मिडियालाई शक्तिशाली, सम्मानित, समाज न्यायिक र देश हितगामी बनाउने महत्त्वपूर्ण जिम्मेवारी श्रमजीवी पत्रकारकै काँधमा छ। जति नै सङ्कटमा बाँचेर भए पनि आफ्नो सम्पूर्ण समर्पणभावसहित लोकतान्त्रिक समाज र यसको दिशा निर्धारण गर्ने काम मुख्यतः श्रमजीवी पत्रकारले नै गर्दै आएका छन्। निकै कष्टकर जीवन गुजारेर पनि भुइँमान्छेको दबिएको आवाज उठाउने काम मुख्यतः श्रमजीवी पत्रकारले नै गरेका छन्।

श्रमजीवी पत्रकारमाथि भएको श्रम शोषणले पेसागत सुरक्षा जोखिममा पारेको छ। सामाजिक न्यायसहित प्रेस स्वतन्त्रतामा समेत प्रत्यक्ष असर पारेको छ। प्रविधिको विकासले पत्रकारिता क्षेत्रमा अवसर र चुनौती दुवै सिर्जना गरेको छ। त्यसले सञ्चारलाई त आम बनाएको छ तर पत्रकारिताको स्तरीयता र विश्वसनीयतालाई सखाप पारेको छ। सँगै श्रमजीवी पत्रकारको सङ्ख्या घटाएर कतिपयको रोजगारी समेत गुमाइदिएको छ। मिडिया, सञ्चारगृह र पत्रकारमाथि विभिन्न क्षेत्रबाट धम्की दिने क्रम बढेको छ। यसले स्वतन्त्रता उपभोग गर्न समस्या परिरहेको छ।

श्रमजीवी पत्रकार ऐन पूर्ण रूपमा कार्यान्वयन भएको छैन। पत्रकारिता सम्बन्धित सरकारी निकाय एवं न्यूनतम पारिश्रमिक निर्धारण समितिहरू श्रमजीवी हितको नीति, कार्यक्रम र दबाबको निकायभन्दा पनि केही व्यक्तिलाई जागिर खुवाउने संस्था बनेका छन्। धेरै सञ्चार प्रतिष्ठानमा पारिश्रमिक लिन आन्दोलन गर्नुपर्ने, अदालत धाउनुपर्ने बाध्यता छ। यी तमाम समस्याले पत्रकारको पेसालाई ठुलो सङ्कटमा पारेको छ र यसले पत्रकारिताको गुणस्तरमा समेत प्रत्यक्ष असर पारिरहेको छ। यसको समाधानका लागि पत्रकार महासंघ, सरोकारवाला सङ्गठन र पत्रकारितासँग जोडिएका विभिन्न निकायले संयुक्त पहल बढाउनुपर्छ।

त्यसैले पत्रकार हकहित, पेसागत सुरक्षा र मिडिया क्षेत्रका समस्या समाधानका

*बाँकी चार पृष्ठमा*



अनुरोधकर्ता
महादेवा गाउँ कार्यपालिकाको कार्यालय, सप्तरी



अनुरोधकर्ता
छिन्नमस्ता गाउँ कार्यपालिकाको कार्यालय, सप्तरी

# मेयर कप प्रिमियर लिग सिजन ६ को उपाधी तिरहुतले हात पाऱ्यो




**राजविराज**/तिरहुत टाइगर्सले राजविराज मेयर कप सप्तरी प्रिमियर लिग सिजन ६ को उपाधी हात पारेको छ ।

तिरहुतले सर्वाधिक पुरस्कार राशी रहेको यस प्रतियोगिताको उपाधीसँगै ३ लाख रुँपैया पुरस्कार समेत गरेको छ ।

राजविराजस्थित पब्लिक विन्देश्वरी विद्यालय खेल मैदानमा सोमबार सम्पन्न फाइनलमा तिरहुत टाइगर्सले छिन्नमस्ता लायन्सलाई ३१ रनले पराजित गरि उपाधी माथी कब्जा जनाएको हो । उपविजेता छिन्नमस्ता लायन्सले १ लाख ५० हजार रुपैयाँ प्राप्त गऱ्यो ।

तिरहुत टाइगर्सले दिएको ९२ रनको लक्ष्य पछ्याएको छिन्नमस्ता लायन्सले १४ ओभरमा ६० रनमा सबै विकेट गुमायो । छिन्नमस्ताको लागि बिशाल पटेलले सर्वाधिक १४, मयन यादवले १३ तथा फिर्दोश अन्सारीले अविजित १२ रन बनाउनु बाहेक अन्य ब्याटरले दोहोरो अंकमा रन जोड्न सकेनन् ।

तिरहुतको बलिङमा दिपेश कंडेलले सर्वाधिक ४ विकेट लिए । कप्तान अनिल यादवले ३ विकेट लिए वापत प्लेयर अफ द म्याच घोषित भए । बसिर अहमदले २ तथा अभिषेक कार्कीले १ विकेट लिए ।

यस अघि टस जितेर ब्याटिङ रोजेको तिरहुत टाइगर्सले १८.४ ओभरमा सबै विकेट गुमाएर ९१ रन बनायो । तिरहुतको लागि भोला कुमार साहले सर्वाधिक २९ रन योगदान दिए । बसिर अहमदले १८ तथा रुपेश सिंहले १० रन बनाउनु बाहेक अन्य ब्याटरए दोहोरो अंकमा रन बनाउन सकेनन् । छिन्नमस्ताको बलिङमा बिशाल पटेल, फिर्दोश अन्सारी, गुनानन्द रोय र सुमित नेवारले समान २ विकेट लिए ।

प्रतियोगिताकै उत्कृस्ट खेलाडी तिरहुत टाइगर्सका बसिर अहमद घोषित भए । उनले ६ खेलमा १ सय ९८ रन बनाउनुको साथै १० विकेट लिएका थिए । यस्तै उत्कृस्ट बलर छिन्नमस्ता लायन्सका बिशाल पटेल घोषित भए । उनले ७ खेलमा १५ विकेट लिए । उत्कृस्ट ब्याटर कन्चनरुप राइनोजका शुभ कंसकार घोषित भए । उनले ७ खेलमा २ सय ९७ रन बनाएका थिए । यस्तै उदयमान खेलाडी छिन्नमस्ता लायन्सका मोहम्मद सोहेल खान घोषित भए । उनले ७ खेलमा १२ विकेट लिए ।

फाइनल खेलको प्लेयर अफ द म्याच तिरहुत टाइगर्सका कप्तान अनिल कुमार यादव घोषित भए । प्रतियोगिताको उत्कृस्ट खेलाडीले २५ हजार रुपैयाँ, उत्कृस्ट बलर र ब्याटरले जनही १५ हजार रुपैयाँ तथा उदयमान खेलाडीले क्रिकेट किट प्राप्त गरे ।

विजेता खेलाडीहरुलाई नेपाल क्रिकेट संघका उपाध्यक्ष रोशन कुमार सिंह, राजविराज नगरपलिकाका प्रवक्ता जय नारायण मण्डल, छिन्नमस्ता गाउँपालिकाका अध्यक्ष बिद्यानन्द चौधरी, तिरुहट गाउँपालिकाका अध्यक्ष विजय यादव, नेपाल क्रिकेट संघका केन्द्रिय सदस्य दुर्गाराज पाठक र सप्तरी क्रिकेट संघ अध्यक्ष तथा नेपाल क्रिकेट संघका केन्द्रिय सदस्य आयुष श्रेष्ठ लगायतले पुरस्कार वितरण गरे ।

सप्तरी क्रिकेट संघको आयोजनामा एघार दिन चलेको प्रतियोगितामा जिल्लाका ६ वटा स्थानीय तहका टिमहरुले सहभागीता जनाएका थिए ।

## *स्वार्थ-वर्चस्वको ...*

लागि सङ्गठित प्रयास र सङ्घर्ष आवश्यक छ । यसमा सबैभन्दा बढी सङ्कट झेलेका श्रमजीवी सञ्चारकर्मीहरू नै बढी अग्रसर हुनुपर्छ ।

अब श्रमजीवी पत्रकारहरूले नै लोकतान्त्रिक गणतन्त्रको सुदृढीकरण, प्रगति, सामाजिक न्याय, पेसागत अधिकार र सञ्चार स्वतन्त्रताका लागि महासंघमा हस्तक्षेप बढाउन अनिवार्य भइसकेको छ । उनीहरूले सबै जोडकोणका स्वार्थलाई परास्त गरेर र त्यसबाट माथि उठेर महासंघलाई एउटा सङ्गठित र व्यवस्थित 'सञ्चारकर्मीको साझा ट्रेड युनियन' बनाउनु आजको प्रथम आवश्यकता हो ।

कारखाना वा प्रतिष्ठानमा काम नगर्नेहरू पनि मजदुर सङ्गठनमा लामो समय नेतृत्व लिएजस्तै; क्याम्पस, विद्यालय पढाइ छाडेका वा सकेकाहरू विद्यार्थी नेता भएजस्तै र हँसियासम्म समाउन नजान्नेहरू किसान नेता भएजस्तै पत्रकार नेताको पनि त्यही दुर्गति हुनु हुँदैन– न लेख्नु, न लेख्ने अभ्यास गर्नु, न सञ्चारकर्म गर्नु; कुनै स्व-मिडिया देखायो; नाम राख्यो; सङ्गठन भजायो वा पूर्व र वर्तमान पद भजायो; पार्टी भजायो, बस् !

श्रमजीवी पत्रकारलाई आफ्नो नेतृत्व छान्ने अवसर नदिएर, स्वायत्तता नदिएर तिनको अधिकारलाई पार्टीका मुख्यालयमा लगी आफ्नो प्रभाव र वर्चस्व देखाउने परिपाटी अब बन्द हुनुपर्छ । जसले मिडियामा काम गरेर जीविकोपार्जन गर्दैन, त्यसले मिडिया र श्रमजीवी सञ्चारकर्मीहरूलाई सम्मान गर्दै गर्दैन ।

विडम्बना ! नेपाल पत्रकार महासंघ र पार्टी निकट प्रेस सङ्गठनहरू यसपटक विगत जति पनि स्वायत्त हुन सकेनन्, पार्टी नेतृत्वको अति दबाबमा परे, आफैँलाई थिच्ने जाँतो टाउकोमाथि झुन्ड्याइएपछि सङ्गठनका अध्यक्ष र प्रेसका कमिटीहरू स्वतन्त्र र स्वायत्त हुनुभन्दा छलफलको व्यवस्थापन गर्ने वा पार्टीमा रिपोर्टिङ गर्ने स्तरमा गिरे ।

पार्टीकै प्रत्यक्ष मातहतमा चल्ने जनवर्गीय सङ्गठनहरूलाई त स्वायत्त छाड्नुपर्नेमा पत्रकार सङ्गठनजस्ता राज्यमा दर्ता भएका र स्वतन्त्र चल्नुपर्ने शुभेच्छुक सङ्गठनलाई यसरी प्रत्यक्ष निगरानी गर्ने परिस्थिति कमसेकम श्रमजीवी पत्रकारको व्यक्तिगत एवम् सङ्गठित विकासका लागि घातक हो । साझा चरित्रको पत्रकार महासंघलाई पार्टीको भ्रातृ सङ्गठनमा गिराउने सोच र अभ्यास नै महासंघमा देखिएको अहिलेको ठूलो समस्या हो ।

महासंघ नेतृत्व आफ्नो साझा चरित्र बचाउने र मिडियाका समस्या समाधान गर्ने पहलु हुनुभन्दा पनि पार्टी नेतृत्वको छाया मात्रै बन्यो । पेसागत र श्रमजीवी मुद्दालाई केन्द्रमा राखेर मेरो पालामा यो गरेँ भन्नुको गर्वभन्दा मेरो पार्टी, मेरो पार्टी निकट सङ्गठन र निकट पत्रकारलाई यो फाइदा गराएँ भन्ने गर्व व्यक्तिगत राजनीतिक लाभ लिने सोच हो ।

एकथरी छन– एक समयको पत्रकार, सधैँको पत्रकार ! वर्षौं पत्रकारिता नगर्ने तर पत्रकार नेता भइराख्ने ! व्यक्तिगत लाभलाई केन्द्रमा राखेर सङ्गठनमा हालीमुहाली चलाउने ! प्रमुख नेतालाई रिझाइरहने ! सम्बन्धित सङ्गठनमा, पत्रकार महासंघमा सङ्गठनको स्वतन्त्र हित हेर्दै नहेरी टिकट बाँड्ने ! पुरस्कार इत्यादिको निर्णय गर्ने !

अर्काथरी छन– ठुला लगानीका मिडियामा राम्रो तलब पाउने पत्रकार ! समाज पक्षधर, स्वरोजगार, उत्पीडित पक्षधर, मोफसल वा दूरदराजका पत्रकारलाई तिनले पत्रकार नै नगन्ने !

पत्रकार महासंघलाई सबै दुराग्रह तथा गतिहीनताबाट मुक्त गर्नुपर्छ । र, परियोजना वा अनुदानमुखी होइन सञ्चारको ट्रेड युनियनका रूपमा, श्रमजीवी सञ्चारकर्मीको साझा तथा अग्रगामी सङ्गठनका रूपमा अगाडि बढाउनुपर्छ ।

रातोपाटीबाट

लागूऔषध सेवनले मानिसको शारीरिक र मानसिक स्वास्थ्य बिग्रन्छ, धन सम्पतिको वर्वाद गर्दछ, यसको प्रयोगबाट आफू, परिवार, समाज र राष्ट्रलाई नै अपुरणिय क्षति पुग्ने हुँदा यस्ता पदार्थ देखि टाढा रहौं ।

**अनुरोधकर्ता**

**शम्भुनाथ नगरपालिका**

**नगर कार्यापालिकाको कार्यालय**

सप्तरी, मधेश प्रदेश

**बालविवाह विरुद्ध अपील**

**"बालविवाह जिन्दगी तबाह"**

**बालविवाह के हो ?**

महिला र पुरुषका बीचमा पतिपत्नीको सम्बन्ध कायम गराउने धार्मिक, सामाजिक कार्यलाई विवाह भनिन्छ । विवाह गर्न उपयुक्त भनि तोकिएको उमेर भन्दा कम उमेरमा गरिने विवाहलाई बालविवाह भनिन्छ । नेपालमा कानुनत: विवाह गर्ने उमेर २० बर्ष तोकिएको छ । त्यसैले २० वर्ष भन्दा कम उमेरमा गरिने विवाहलाई बालविवाह भनिन्छ । शारीरिक र मानसिक रुपमा परिपक्व नभई विवाह गर्नु र सन्तान जन्माउँदा विविध समस्या आउन सक्ने भएकोले विवाहका लागिउमेरको हदबन्दी तोकिएको हो ।

**बालविवाहले निम्त्याउने समस्या यस्ता छन :**

१. शारीरिक तथा मानसिक रोगको शिकार हुने ।
२. बालविवाहपछि स्वास्थ्यमा गम्भीर असर पर्ने जस्तै आङ्ग खस्ने, फिस्टुला हुने, आमा तथा शिशुको मृत्यु हुने
३. बालविवाहपछि बालबालिकाले शिक्षाबाट वञ्चित हुने ।
४. घरेलु हिंसाको शिकार हुने र हिंसा सहन बाध्य हुने, कामको बोझ बोक्नु पर्ने
५. कमै उमेरमा सन्तान जन्माउँदा आमा तथा शिशुको मृत्यु हुने जोखिम उच्च हुने । अपाङ्गता भएका सन्तान जन्मन सक्ने ।
६. विवाहपछि बालवालिकाको पढाइ बिग्रिने, बिरामी हुने, छिटो विवाह गर्दा छिटो बच्चा जन्मने, बालबालिकाको मानसिक शक्तिको विकास हुनबाट वञ्चित हुने ।
७. आफ्नो शरीर र जीवनको बारेमा निर्णय गर्न सक्ने क्षमता नहुने ।
८. व्यवहारिक कुरा बुझ्नन पाउँदै जीवन बर्बाद हुन सक्ने, यौनांगलाई हानी हुन सक्ने र परिवार चलाउन गार्हो हुने ।

*बालविवाह, बालअधिकार, महिलाअधिकार, मानवअधिकारको हनन्मात्रै होइन, विकास र समृद्धिको बाधक पनि हो । तसर्थ बालविवाह नगरौं नगराऔं ।*

**बालविवाह सम्बन्धी कानुनी ब्यवस्था :**

मुलुकी अपराध (संहिता) ऐन २०७४ को दफा १७३ मा बालबिवाह गर्न नहुने भनी स्पष्ट ब्यवस्था गरेको छ । यसैगरि सोहि दफाको उपदफा (१) ले बिवाह गर्ने ब्यक्तिको उमेर निर्धारण गरेको छ । जस अनुसार २० बर्ष नपुगी कसैले बालबिवाह गर्न वा गराउन हुदैन भन्ने ब्यवस्था गरेको छ । उपदफा १ बिपरित भएको बिवाह स्वत:बदर योग्य हुने छ । यसैगरि उपदफा (३) मा कसुर गर्ने ब्यक्तिलाई ३ बर्षसम्म कैद र ३० हजारसम्म जरिवाना हुने भनिएको छ । बालविवाह भएको ३ महिना भित्र उजुरी गरिसक्नु पर्ने ब्यवस्था कानूनले गरेको छ । तसर्थ, बालविवाहले बालबालिका मात्रै नभई परिवार, समाज र राष्ट्रलाई समेत गम्भीर असर गर्ने हुँदा बालविवाह नगरौं नगराऔं । बालविवाह रोक्न आजैदेखि पहल गरौं ।

**अनुरोधकर्ता**

**खडक नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, कल्याणपुर, सप्तरी**

# मोटरसाइकलको ठक्करबाट मृत्यु भएका महिलाको आफन्तजनद्वारा दोषि पत्ता लगाई कारवाहीको माग

**राजविराज**/पहिचान खुल्न नसकेको मोटरसाइकलको ठक्करबाट मृत्यु भएको सप्तरीको कंचनरुप नगरपालिका ८ की ५६ वर्षिया जयमाला गुप्ताको आफन्तले दोषि पत्ता लगाई कारवाहीको माँग गरेका छन् ।

मृतक महिलाका जेठो छोरा डा.तुलाकृष्ण गुप्ताका अनुसार जेठ ९ गते नगरको नन्दलाल चौक नजिकै कंचनपुर वेरियर क्षेत्रमा आयोजित अष्टयाममा सहभागी भई ४ वर्षिय नाती रियान्ससंगै घर फर्कने क्रममा राती ८ बजे तिर नम्बर खुल्न नसकेको मोटरसाईकलले ठक्कर दिएको थियो ।

मस्तिष्कमा गहिरो चोट लागेका कारण आमाको मृत्यु भएको उपचारमा संलग्न चिकित्सकहरुले बताएको उनले बताए । घाइते भएकी उनलाई उपचारका लागी राती नै विराटनगरस्थित नोबेल अस्पतालमा भर्ना गरिएकोमा जेठ १५ गते उपचारको क्रममा मृत्यु भएको छोरा डा.गुप्ताको भनाई छ ।



दुर्घटना बारे पत्ता लगाई दोषिलाई कारवाहीको माँग गर्दै इलाका प्रहरी कार्यालय कंचनपुरमा निकै दौडधुप गरे पनी हालसम्म प्रहरीले अपराधी पत्ता लगाउन नसकेको गुनासो समेत गरेका छन् ।

उनले जिल्ला प्रशासन कार्यालय सप्तरीलाई बोधार्थ दिदै गृहमन्त्री रवी लामिछानेलाई समेत निवेदन पठाएर न्यायका लागी पहल गरिदिन आग्रह गरेका छन ।

मृतक महिलाको कान्छो छोरा आदित्यले सो क्षेत्रका एक जना व्यवसायीको पसलमा सिसीटिभी क्यामरा जडान भएपनि निजले क्यामराको हार्डडिक्स बिग्रिएको छ भनी जवाफ दिएपछि फुटेज हेर्न नसकेको बताए ।

उनले घट्नाको तीन साता वित्न लाग्दा पनि प्रहरीले अपराधी पत्ता लगाउन न सकेकोमा आक्रोश पोख्दै अब धर्ना, प्रर्दशन र अनशनमा वस्ने तयारीमा लागेको बताएका छन् ।

यता प्रहरी सो दुर्घटनाबारे आफन्तले तत्कालै जानकारी नगराएको बताएका छन् । घाईतेलाइ अस्पताल पुऱ्याएको दुई दिन पछि मात्र अस्पतालबाट आफन्तले सो जानकारी गराएको इलाका प्रहरी कार्यालय कंचनपुरका एक प्रहरी अधिकारीले भने । उनले ढिलो जानकारी आएपनि प्रहरीले सो बारे अनुसन्धान गरिरहेको बताए ।


## डेंगुबाट बचौं

- उच्च ज्वरो आउनु
- जोर्नी र मांशपेशीहरुमा असह्य पीडा हुनु
- आँखाको गेडी दुख्नु
- अत्याधिक टाउको दुख्नु
- शरीरमा राता बिमिराहरु आउनु
- वाकवाकी लाग्नु वा वान्ता हुनु

यस्ता लक्षणहरु देखापरेमा डेंगी हुन सक्छ । तत्काल चिकित्सक वा स्वास्थ्यकर्मीको सल्लाह लिऔं ।

**सुरुङ्गा नगरपालिका, सप्तरी**


## साइबर क्राइम

**पृष्ठभूमी**

बर्तमान समय सामाजिक संजालको युग हो । फेसबुक, मेसेन्जर, ह्वाटसएप, भाइबर, ट्वीटर, इमोजस्ता सामाजिक संजालको प्रयोग व्यक्तिले गरिरहेका छन् । सामाजिक संजालले प्रयोगकर्तालाई सहज बनाएको छ । मानिस जुनसुकै देश र स्थानमा रहेपनि प्रत्यक्ष झैं कुराकानी गर्न पाएका छन् । तर, सामाजिक संजालले जति सहजता उत्पन्न भएको छ, त्यत्ति नै यसको दुरुपयोग गरेर अपराध कर्म पनि हुन थालेको छ । जसलाई साइबर अपराध भनिन्छ ।

अन्य अपराधभन्दा यसको प्रकृति र शैली बिलकुल फरक छ भने यसको प्रभाव पनि शक्तिशाली र आम रूपमा हुन्छ । विद्युतीय प्रविधिको गलत प्रयोगले निम्त्याउने यो अपराध अन्य अपराधभन्दा भिन्न शैलीको छ । इन्टरनेटको प्रयोगमार्फत गरिने चरित्र हत्या, हिंसा फैलाउने कार्य, यौनजन्य हिंसा, इन्टरनेट फ्रड (धोकाधडी), अर्काको पहिचान अनाधिकृत रूपमा प्रयोग, क्रेडिट कार्ड तथा एकाउन्ट आदिको चोरी गरी गरिने बैंकिक कसुर, अर्काको कम्प्युटर, विद्युतीय उपकरण तथा नेटवर्कमा पुऱ्याइने क्षतिलगायत अवैधानिक कार्यलाई पनि विश्वका अधिकांश मुलुकका कानुनले साइबर अपराध मानेको छ ।

कम्प्युटर, मोबाइल र इन्टरनेटको प्रयोगमार्फतफेक आइडी बनाउने, सामाजिक सञ्जाल प्रयोग गरी गाली गर्ने, वेभसाइट ह्याक गर्ने, फोटो इडिट गरी स्वरूप परिर्वतन गर्ने, अश्लील फोटो/भिडियो पठाउने, सञ्जालमार्फत जिस्काउने, अपमान गर्ने, कल बाइपास, गैह्र कानूनी इमेल, एसएमएस धम्कीदिने जस्ता कार्य नै साइबर अपराध (क्राइम) हो । त्यस्तै इन्टरनेटको प्रयोग गरी गरिने चरित्र हत्या, हिंसा फैलाउने कार्य, यौनजन्य हिंसा, धोकाधडी, क्रेडिट कार्ड तथा एकाउन्ट चोरी, अर्काको कम्प्युटर, विद्युतीय उपकरण तथा नेटवर्कमा पुर्याउने क्षति लगायत अवैधानिक कार्यलाई पनि साइबर अपराध मानिन्छ ।

**कहाँ र कसरी गर्ने उजुरी ?**

साइबर क्राइमको उजुरी प्रहरी कार्यालयमा दिन सकिन्छ । यद्यपी अपराधका विषयमा उजुरी दिन प्रहरी कार्यालयमै पुग्नुपर्ने व्यवस्था भएपनि साइबर अपराधबारे उजुरी दिन कार्यालयमै पुग्नुपर्छ भन्ने छैन । प्रहरीमा अनलाईनमार्फत् पनि उजुरी वा निवेदन दिन सकिने व्यवस्था गरिएको छ । त्यसको लागि निवेदन टाइप गरी प्रमाणसहित साइबर व्युरोको इमेल आइडीमा उजुरी पठाउन सकिन्छ । प्रमाणको रुपमा स्क्रीन सर्ट, परिचयपत्र, लिंक, भिडियो, अडियो, फोटो लगायत प्रमाण निवेदनसँगै पठाउनुपर्ने हुन्छ । यसबाहेक साइबर व्युरोले उपलब्ध गराएको फोन नम्बरमा घट्नाको बारेमा जानकारी दिई नाम टिपाएर उजुरी गर्न सकिने हुन्छ ।

पहिला अन्य अपराधको जसरी साइबर क्राइममा जुनसुकै जिल्ला अदालतमा मुद्दा दर्ता हुने व्यवस्था थिएन् । काठमाडौं जिल्ला अदालतमा मात्र साइबर क्राइमको मुद्दा दर्ता हुन्थ्यो ।

५ असार, २०८० मा बसेको मन्त्रीपरिषद् बैठकले सबै जिल्ला अदालतलाई यस्तो अधिकार दिने निर्णय गरेको छ । विद्युतीय कारोबार ऐन, २०६३ को दफा ६० को उपदफा ५ बमोजिम सोही ऐनको परिच्छेद ९ मा उल्लेख भए बमोजिमका कसुरहरूको शुरू कारबाही र किनारा गर्ने अधिकार सबै जिल्ला अदालतलाई दिइने निर्णय गरेको छ ।

**कसरी गरिन्छ यसको अनुसन्धान प्रकृया ?**

उजुरी परेपछि प्रहरीले उपलब्ध प्रमाणका आधारमा सुक्ष्म अनुसन्धान शुरु गर्दछ । प्रहरीले साइबर अपराध अनुसन्धान गर्नकै लागि साइबर ब्युरोको स्थापना गरी डिजिटल फरेन्सिक ल्याब सुधारको प्रयास सुरु गरेको छ । अपराधीले कतै न कतै डिजिटल प्रविधि प्रयोग गरेको हुन्छ भने प्रहरी पनि मोवाइलको लोकेसन, कल डिटेल या सामाजिक सञ्जालका क्रियाकलापको चेकजाँच गरी प्रारम्भिक अनुसन्धान शुरु गर्दछ । आरोपित व्यक्ति संलग्नता देखिए निजलाई पक्राउन गरी थप अनुसन्धान प्रकृया अगाडि बढाउँछ र प्रारम्भिक्र अनुसन्धान पश्चात सरकारी वकिलको कार्यालय मार्फत अदालतमा साइबर क्राइमको अभियोग दर्ता हुन्छ । अदालतमा अभियुक्तको बयान तथा पीडितको बकपत्र लगायतका बाँकी अनुसन्धान कार्य पुरा गरी अदालतमा फैसला सुनाउने गर्दछ ।

**के छ दण्ड सजायको व्यवस्था ?**

नेपालमा विद्युतीय (इलेक्ट्रोनिक) कारोबार ऐन, २०६३ प्रयोग गरेर साइबर अपराधको मुद्दा चलाउने गरिएको छ । अपराध पुष्टि भएमा अपराधको प्रकृति हेरी बढीमा तीन लाख रुपैयासम्म जरिवाना र पाँच बर्षसम्म कैद सजायको व्यवस्था गरिएको छ । अपराधको प्रकृति र कसूरको गाम्भिर्यतालाई हेरेर कैद तथा जरिवाना कम बढी गर्ने स्वविवेकिय अधिकार न्यायाधीशमा रहेको हुन्छ । पीडितलाई पुग्न गएको क्षतिलाई विचार गरेर कसूरदारबाट पीडितलाई मनासिब क्षतिपूर्ति भराईदिने व्यवस्था पनि कानूनमा गरिएको छ ।

**उजुरी गर्ने म्याद कति हुन्छ ?**

साइबर क्राइम सम्बन्धी कसूर ठहर्ने कुनै कार्य भएमा त्यस्तो कसूर भए गरेको थाहा पाएको मितिले पैतीस दिनभित्र उजुरी गरिसक्नुपर्ने हुन्छ ।

**निष्कर्ष:**

जुनसुकै अपराधका दोषी उम्किनुहुँदैन् । पछिल्लो समयमा इन्टरनेटको प्रयोग गरी व्यक्तिको चरित्र हत्या गर्नेर्देखि ठगी गर्ने, इमेल र बैंक अकाउण्ट ह्या गरी रकम चोर्नेजस्ता अपराध हुन थालेको छ । साइबर क्राइमबाट पीडित जो सुकैले न्याय पाउनुपर्दछ । अर्को कुरा सामाजिक संजालको प्रयोग कसरी गर्ने भन्नेतर्फ सबै प्रयोगकर्तालाई सचेत रहनु जरुरी छ । आफूलाई पर्न गएको मर्काको सम्बन्धमा उजुरी दिई अपराधीलाई कारवाहीको दायरामा ल्याउन जरुरी देखिन्छ ।

**जनहितका लागि**
**डाक्नेश्वरी नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय पातो, सप्तरी**

# अन्तर्राष्ट्रिय समाचार

## मुम्बईको एन्टप हिलस्थित घरको एक भाग ढल्दा दुईको मृत्यु

मुम्बई, १ असार (रासस/एएनआई) ।

मुम्बईको एन्टप हिल क्षेत्रको विजय नगरमा शुक्रबार राति घरको एक भाग ढल्दा दुई जनाको मृत्यु भएको बृहन्मुम्बई नगर निगम (बिएमसी) ले जनाएको छ ।

घटनामा केही व्यक्ति घाइते भएको मुम्बई फायर ब्रिगेडले सूचना पाएपछि फायर अफिसरहरू तुरुन्त घटनास्थलमा पुगेको थियो। घटनाको थप विवरणको प्रतिक्षा गरिएको छ ।

जुन १३ मा महाराष्ट्रको ठाणेको कलवार क्षेत्रमा आवासीय भवनको एक भाग ढलेपछि तीन जना घाइते भएका थिए भने ३० जनाभन्दा बढीलाई उद्धार गरिएको थियो ।

अधिकारीहरूले यो घटना ओम कृष्णा सहकारी आवास सोसाइटीमा भएको बताएका छन् । एजेन्सी

## वेस्ट ब्याङ्क बढ्दो स्वास्थ्य सङ्कटमा रहेको डब्ल्यूएचओको चेतावनी

जेनेभा, १ असार (रासस/एएफपी) ।

विश्व स्वास्थ्य सङ्गठन (डब्ल्यूएचओ) ले शुक्रबार कब्जामा रहेको वेस्ट ब्याङ्कमा बढ्दो स्वास्थ्य सङ्कटको घोषणा गरेको छ । बढ्दो प्रतिबन्ध, हिंसा र स्वास्थ्य पूर्वाधारमा आक्रमणले वेस्ट ब्याङ्कको स्वास्थ्य पहुँचमा बाधा पुर्‍याइरहेको स्वास्थ्य सङ्गठनले बताएको छ ।

संयुक्त राष्ट्र स्वास्थ्य सङ्गठनले एक विज्ञप्तिमार्फत "वेस्ट ब्याङ्कमा नागरिकको तत्काल, सक्रिय सुरक्षा र स्वास्थ्य सेवाका लागि", आह्वान गरिरहेको छ ।

अक्टोबर ७ मा गाजामा युद्ध सुरु भएदेखि पूर्वी जेरुसेलमसहित वेस्ट ब्याङ्कमा जुन १० सम्ममा एक सय २६ बालबालिकासहित पाँच सय २१ जना प्यालेस्टिनीको मृत्यु भएको उल्लेख गरिएको छ ।

प्यालेस्टिनी अधिकारीहरूले गाजा युद्ध सुरु भएदेखि कम्तिमा पाँच सय ४५ जना प्यालेस्टिनी इजरायली सेनाद्वारा मारिएको भन्दै वेस्ट ब्याङ्कको मृत्युको सङ्ख्या अझ बढी जनाएका छन् ।

मृत्युको अतिरिक्त आठ सय बालबालिकासहित पाँच हजार २०० भन्दाबढी व्यक्ति घाइते भएको बताउदै डब्ल्यूएचओले "पहिले नै तनावग्रस्त स्वास्थ्य सुविधामा आघात र आपतकालीन स्वास्थ्य पहुँच"मा जोड दिएको छ ।

सन् १९६७ देखि इजरायलले कब्जा गरेको वेस्ट ब्याङ्ले एक वर्षभन्दा बढी समयदेखि हिंसा खेपिरहको छ । डब्ल्यूएचओले शुक्रबार वेस्ट ब्याङ्कमा स्वास्थ्य सेवामा आक्रमण थप बढीरहेको बताएको छ ।

अक्टोबर ७ देखि मे २८ का बिचमा वेस्ट ब्याङ्कमा स्वास्थ्य सुविधा, एम्बुलेन्स, स्वास्थ्यकर्मी र बिरामीलाई हिरासतमा लिएर चार सय ८० वटा आक्रमण भएको डब्ल्यूएचओले तयार पारेको दस्तावेजले जनाएको छ ।

एकै समयमा, चेकपोइन्ट बन्द, बढ्दो असुरक्षा, र सम्पूर्ण समुदायको घेराबन्दीका कारण वेस्ट ब्याङ्कको स्वास्थ्य पहुँचलाई अझ गाह्रो बनाएको थियो । अक्टोबर ७ देखी पूर्वी जेरुसेलम र इजरायल जान प्रतिबन्ध लगाएसँगै वेस्ट ब्याङ्का नागरिकको स्वास्थ्य सुविधामा गम्भिर असर परेको छ । एजेन्सी

## अस्ट्रेलियासँगको 'मतभेद हटाउन' चिनियाँ प्रधानमन्त्री लीको आग्रह

सिडनी, १ असार (रासस/एएफपी) ।

चीनका प्रधानमन्त्री ली छ्याङले शनिबार आर्थिक अवसरहरूको वाचामा केन्द्रित भ्रमणको सुरुआत गर्दै अस्ट्रेलियासँगको 'मतभेदहरू हटाउन' आह्वान गर्नुभएको छ ।

चार दिने कूनीतिक भ्रमणका लागि एडिलेडमा अवतरण गरेपछि प्रधानमन्त्री लीले चीनद्वारा प्रमुख अस्ट्रेलियाली निर्यातहरूविरुद्ध दण्डात्मक व्यापार प्रतिबन्ध हटाएसँगै मेलमिलापको प्रस्ताव गर्नुभयो ।

"पारस्परिक सम्मान र साझा आधार खोज्दै मतभेदहरू मेटाउने चीन-अस्ट्रेलिया सम्बन्धमा पारस्परिकरूपमा लाभदायक सहयोगका रूपमा रहेको बहुमूल्य अनुभवलाई अगाडि बढाउनुपर्छ", उहाँले लिखित आगमन वक्तव्यमा भन्नुभयो, "अधिक परिपक्व, स्थिर र फलदायी व्यापक रणनीति साझेदारी दुवै मुलुकका जनताद्वारा साझा गरेको खजाना हुनेछ ।"

राष्ट्रपति सी जिनपिङपछि चीनको दोस्रो सबैभन्दा शक्तिशाली नेता ली संसाधन सम्पन्न महादेश अस्ट्रेलियामा आफ्नो कूटनीतिक मिसनको सरुआतमा एडिलेड पुग्नुभएको छ । उहाँ सन् २०१७ पछि अस्ट्रेलियाको भ्रमण गर्ने उच्च पदस्थ चिनियाँ अधिकारी हुनुहुन्छ ।

चीनले पूर्व कन्जरभेटिभ सरकारसँग कूटनीतिक मतभेदका क्रममा सन् २०२० मा वाइन, काठ, जौ र गाईको मासु निर्यातमा लगाइएको व्यापार प्रतिबन्धलाई क्रमशः हटाएको छ । यी उपायले अस्ट्रेलियाली निर्यातकहरूलाई प्रतिवर्ष २० अर्ब अस्ट्रेलियन डलर ( १३ अर्ब अमेरिक डलर) खर्च गर्ने अनुमान गरिएको छ ।

सन् २०२२ मा प्रधानमन्त्री एन्थोनी अल्बानिजको सरकार सत्तामा आएपछि र बेइजिङप्रति नरम कूटनीतिक दृष्टिकोण अपनाएपछि दुवै मुलुकबीच आर्थिक सम्बन्धमा सहजता आएको छ । एजेन्सी

# लागु औषध विरुद्ध सचेतनाका लागि युवालाई प्रशिक्षण




**राजविराज**/लागु औषधको कुलतबाट युवाहरुलाई जोगाउन प्रशिक्षण कार्यक्रम चलाइएको छ।

राजविराज नगरपालिकाको सहयोग, वडा नं. ४ कार्यालयको समन्वय तथा सोसाइटी वेलफेयर मिसन नेपाल सप्तरीको आयोजनामा शनिवारदेखि दुई दिने प्रशिक्षण चलाइएको हो।

लागु औषध विरुद्धको सचेतना नाम दिई चलाईएको प्रशिक्षण कार्यक्रमको एक कार्यक्रम बीच राजविराज नगरपालिकाका कार्यवाहक नगर प्रमुख इसरत प्रविणले ब्यानर वाचन गरेर शुभारम्भ गरेकी छिन्।

सो अवसरमा उनले विशेष गरी कुलत फसेको युवाहरुमा झाँगिदै गएको लागु औषध सेवन प्रवृत्तिले उनको शरीरमा मात्र नभई समाजमा समेत नकारात्मक असर पुऱ्याएरहेको बताइन। लागु औषध दुर्व्यसनी जस्ता बिकृति र विसंगती अन्त्य गर्न तथा युवामा यसको हानी नोक्सानी बारे जनचेतना वृद्धि गर्ने लक्ष्यका साथ यस्तो अभियान शुरु गरिएको उनको भनाई छ।

लागु औषध बारे कानुनी व्यवस्था, यसको प्रयोगबाट हुने हानी, घर समाजमा पर्ने असर र यसबाट बच्ने उपायबारे सहभागीहरुलाई प्रशिक्षक विनय लालकर्ण र नरेश चौधरीले प्रशिक्षण दिइरहेका छन्। दुई दिनसम्म चल्ने प्रशिक्षणमा चार दर्जनभन्दा बढी युवाहरुको सहभागिता रहेको छ।

प्रशिक्षण कार्यक्रम उद्घाटन समारोहमा नगरपालिकाका स्वास्थ्यय शाखा प्रमुख निरंजन यादव, वडा ४ का अध्यक्ष दिनेश प्रसाद साह, नेपाल पत्रकार महासंघका केन्द्रीय परिषद सदस्य मनोज कुमार माझी लगायतले पनि बोल्दै सामाजिक विकृतिका रुपमा रहेका लागु औषध दुर्व्यसनी नियन्त्रनका लागि गरिनु पर्ने प्रयासहरु बारे आ-आफ्नो धारणा राखेका थिए।

## गर्मीका कारण सर्पदंशका बिरामी बढे

**राजविराज**/गर्मी बढेसँगै सप्तरीमा सर्पदंशका बिरामीहरु समेत बढेको छ। अत्यधिक गर्मीका कारण जिल्लामा सर्पदंशको घटना बढेको हो।

राजविराजस्थित गजेन्द्र नारायण सिह अस्पतालमा विगत २० दिनको अवधीमा सर्पदंशका ५१ जना बिरामीले उपचार गराएको अस्पतालको तथ्याङ्कले देखाएको छ।

गत सोमबार मात्रै सर्पदंशबाट पीडित ६ जना उपचारका लागी अस्पतालमा भर्ना भएका थिए। यद्दपी उपचारका लागी भर्ना भएका मध्येबाट हालसम्म कसैको ज्यान नगएको अस्पताल प्रशासनले जनाएको छ।

सर्पदंशका कारण सोमबार उपचारका लागी आउनेहरुमा राजविराज नगरपालिकाका ६ वर्षिय बालक आयूश यादव, १४ वर्षिय संतोष यादव, तिरहुत गाउँपालिकाका ४० वर्षिय सुरेन्द्र मण्डल, १८ वर्षिया पिंकि यादव, तिलाठी कोइलाडी गाउँपालिकाका ५४ वर्षिया सिता देवी मेहता र ५० वर्षिया ज्ञानी देवी साह रहेको गजेन्द्र नारायण सिह अस्पताल आकस्मिक कक्षका अहेब जयकृष्ण गुरमैताले जानकारी दिए।

अत्यधिक गर्मी र फाटफुट वर्षाका कारण दुलो र झारपातबाट सर्प बाहिर आउदा सर्पदंशको घट्ना बढ्दै गएको उनको भनाइ छ। उनले दैनिक ४ देखि ७ जना सम्म सर्पदंशबाट घाईते भई उपचारका लागी आउने गरेको जानकारी दिए। यसरी सर्पदंशबाट घाइते भई आउनेहरुमा ग्रामिण क्षेत्रको मात्र नभइ शहरी क्षेत्रका पालिकाका वासिन्दा समेत रहने गरेको उनको कथन छ।

अत्याधिक गर्मीका कारण सर्पदंशको मात्र नभई अन्य रोगबाट समेत पीडित भइ आउने विरामीको चाप बढ्दै गएपछि भुई मै बेड राखेर भएपनि उपचार सेवा प्रदान गरिरहेको उनले बताए। सर्पदंशको घटना ह्वातै बढेपछि अस्पतालमा एन्टीस्नेक भेनम नामक औषधी प्रयाप्त मात्रामा झिकाई स्टक गरिएको गजेन्द्र नारायण सिह अस्पताल प्रशासनले जनाएको छ।

### *काम गरेको ...*

आफुलाई ४ करोड १६ लाख ६० हजार ५ सय १० रुपैयामा ठेक्का दिएको बताए। ठेक्का सम्झौता अनुसार २०८१ असार १५ गतेसम्म निर्माण कार्य सम्पन्न गर्नु पर्नेछ। तर, हालसम्म गरेको काम अनुसारको बिलको भुक्तानी नपाउँदा समस्यामा परेको उनको भनाइ छ। उनले हाल सम्म काम सम्पन्न गरेको ६६ लाख २६ हजार ५ सय रुपैयाको भुक्तानीका लागी गत असोज ३० गते नै सबै कागजात पेश गरिसके पनि विभिन्न बहानामा कार्यालय प्रमुख र लेखापालले आलटाल गर्दै आएको गुनासो पोखे।

यस विषयमा भेटेरीनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र राजविराजका प्रमुख डा.राम पवित्र दासले भवन निर्माण प्रक्रियाको विषयलाई लिएर जिल्ला कै अर्को प्रतिष्पर्धी निर्माण कम्पनी श्री राम निर्माण सेवाले अख्तियारमा उजुरी दिएको बताए।

अख्तियारमा उजुरी परिसकेपछि भुक्तानी दिए आफु पनि फसिने डरले लेखापालले चेक बनाउन नमानेकाले भुक्तानीमा समस्या भएको उनको कथन छ। यद्धपी समस्या समाधानका लागी आफुले पहल गरिरहेको उनले जानकारी दिए।

### *जसपा नेपालसँग ...*

समेत आग्रह गरे। सो अवसरमा नेपाली काँग्रेस सप्तरीका सभापति रामदेव साह, उपसभापति रामकुमार यादव, सचिव सनत मण्डल लगायतको पनि उपस्थिति रहेको थियो।


## हावाहुरीबाट जोगिने उपायहरु

- घरको संरचना बलियो बनाऔं,
- हावाहुरी चल्न थालेपछि झ्यालढोका थुनौं,
- छानालाई राम्ररी हुक तथा तारले कसेर बाधौं,
- छतका गमला सुरक्षित रुपमा राखौं,
- जस्तापातालगायतका वस्तुहरु खुला र जथाभावी नछोडौं,
- हावाहुरी चलेमा भागदौड नगरौं, बिस्तारै सुरक्षित स्थानमा जाऔं,
- सुरक्षित ओत नभेटे थुचुक्क बसेर दुवै हातले टाउको छोपी घोप्टो परौं,
- हावाहुरी चलेको समयमा सवारी साधन रोकेर सुरक्षित स्थानमा बसौं।

हावाहुरीबाट हुने क्षति कम गर्न पूर्व तयारी एवं सतर्कता अपनाऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड

## बाढी/पहिरोबाट सतर्क रहौं।

- गाउँघरका माथिल्लो भागमा कुलो बनाई पानीको उचित निकास दिऔं।
- जमिन चिरा परेको देखिएकामा पानी नछिर्ने गरी टालौं।
- घरभित्र वा वरिपरिको जमिन चिरा परेको भए सुरक्षित स्थानमा बसौं।
- नदी वा खोलामा बाढी आएमा तल्लो भागमा बस्ने जनसमुदायलाई सूचना दिऔं।
- भुकम्पले चिरा पारेको छ भने त्यस्तो स्थानलाई टालौं र सजगता अपनाऔं।
- भौगोलिक अवस्था बिचार गरेर मात्र बाटो, कुलो वा नहर जस्ता संरचना बनाऔं। भु–क्षयबाट बचौं र बचाऔं।

जनहीतका लागि : नवीन साप्ताहिक

## बालविवाह विरुद्ध अपील
## "बालविवाह जिन्दगी तबाह"

**बालविवाह के हो ?**

महिला र पुरुषका बीचमा पतिपत्नीको सम्बन्ध कायम गराउने धार्मिक, सामाजिक कार्यलाई विवाह भनिन्छ। विवाह गर्न उपयुक्त भनि तोकिएको उमेर भन्दा कम उमेरमा गरिने विवाहलाई बालविवाह भनिन्छ। नेपालमा कानुनतः विवाह गर्ने उमेर २० बर्ष तोकिएको छ। त्यसैले २० वर्ष भन्दा कम उमेरमा गरिने विवाहलाई बालविवाह भनिन्छ। शारीरिक र मानसिक रुपमा परिपक्व नभई विवाह गर्नु र सन्तान जन्माउँदा विविध समस्या आउन सक्ने भएकोले विवाहका लागिउमेरको हदबन्दी तोकिएको हो।

**बालविवाहले निम्त्याउने समस्या यस्ता छन :**

१. शारीरिक तथा मानसिक रोगको शिकार हुने।
२. बालविवाहपछि स्वास्थ्यमा गम्भीर असर पर्ने जस्तै आङ्ग खस्ने, फिस्टुला हुने, आमा तथा शिशुको मृत्यु हुने
३. बालविवाहपछि बालबालिकाले शिक्षाबाट वञ्चित हुने।
४. घरेलु हिंसाको शिकार हुने र हिंसा सहन बाध्य हुने, कामको बोझ बोक्नु पर्ने
५. कमै उमेरमा सन्तान जन्माउँदा आमा तथा शिशुको मृत्यु हुने जोखिम उच्च हुने। अपाङ्गता भएका सन्तान जन्मन सक्ने।
६. विवाहपछि बालवालिकाको पढाइ बिग्रिने, बिरामी हुने, छिटो विवाह गर्दा छिटो बच्चा जन्मने, बालबालिकाको मानसिक शक्तिको विकास हुनबाट वञ्चित हुने।
७. आफ्नो शरीर र जीवनको बारेमा निर्णय गर्न सक्ने क्षमता नहुने।
८. व्यवहारिक कुरा बुझ्नन पाउँदै जीवन बर्बाद हुन सक्ने, यौनांगलाई हानी हुन सक्ने र परिवार चलाउन गार्हो हुने।

*बालविवाह, बालअधिकार, महिलाअधिकार, मानवअधिकारको हनन्मात्रै होइन, विकास र समृद्धिको बाधक पनि हो। तसर्थ बालविवाह नगरौं नगराऔं।*

**बालविवाह सम्बन्धी कानुनी ब्यवस्था :**

मुलुकी अपराध (संहिता) ऐन २०७४ को दफा १७३ मा बालबिवाह गर्न नहुने भनी स्पष्ट ब्यवस्था गरेको छ। यसैगरि सोहि दफाको उपदफा (१) ले बिवाह गर्ने ब्यक्तिको उमेर निर्धारण गरेको छ। जस अनुसार २० बर्ष नपुगी कसैले बालबिवाह गर्न वा गराउन हुदैन भन्ने ब्यवस्था गरेको छ। उपदफा १ बिपरित भएको बिवाह स्वतःबदर योग्य हुने छ। यसैगरि उपदफा (३) मा कसुर गर्ने ब्यक्तिलाई ३ बर्षसम्म कैद र ३० हजारसम्म जरिवाना हुने भनिएको छ। बालविवाह भएको ३ महिना भित्र उजुरी गरिसक्नु पर्ने ब्यवस्था कानूनले गरेको छ। तसर्थ, बालविवाहले बालबालिका मात्रै नभई परिवार, समाज र राष्ट्रलाई समेत गम्भीर असर गर्ने हुँदा बालविवाह नगरौं नगराऔं। बालविवाह रोक्न आजैदेखि पहल गरौं।

अनुरोधकर्ता

तिरहुत गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, गोइठी, सप्तरी


**प्रकाशक** : श्रीमती सुमित्रा गुप्ता, **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सह-सम्पादक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, **फोन** : ०३१-५३०७६८ (कार्यालय), **इमेल** : *saptahiknavin@gmail.com*, **वेवसाइट** : *rajbirajdainik.com.np*